म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३३५ बुधबार, ३२ असार २०८२ ने. सं. ११४५ दिल्लागा 16 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## झम्केश्वरी माविका शिक्षक यादवको मृत्युदावी भुक्तानी

हेटौंडा, ३१ असार/नेपाल बैंक लिमिटेडले सडक दुर्घटनामा परेर मृत्यु भएका मकवानपुर थाहा नगरपालिका-१ बस्ने रघुनन्दन यादवको परिवारलाई मृत्युदाबी रकम भुक्तानी गरेको छ ।

रुझम्केश्वरी माविका शिक्षक तथा नेपाल बैंकको पालुङ शाखामा कर्मचारी तलब खाताका ग्राहक रहेका यादवको गत जेठ १२ गते थाहा नगरपालिका-३ मा सडक दुर्घटनामा परी निधन भएको थियो । स्व.यादवको परिवारलाई बैंकले दुर्घटना बीमा दाबी रकम बापत ५ लाख रुपैयाँ भुक्तानी गरेको हो ।

बैंकको कर्मचारी तलब खाता अन्तर्गतको विशेषता बमोजिम खाता खोलेको एक वर्षभित्र ग्राहकको मृत्यु भएमा ५ लाख रुपैयाँसम्मको दुर्घटना बीमा पाउन सक्ने व्यवस्था अनुसारको मागदाबीको भुक्तानी गरिएको हो ।

# प्रदेशको ६४ स्थानमा १ सय २० सिसिक्यामेरा जडान

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ बागमती प्रदेशको १० जिल्लामा सिसिटिभी जडान भई सञ्चालनमा आएको छ । मंगलबार बागमती प्रदेश प्रहरी कार्यालयमा आयोजित एक कार्यक्रमको बीच प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले सिसिटिभी जडान तथा सञ्चालन कार्यक्रमको समुद्घाटन गरेका हुन् ।

सार्वजनिक सुरक्षालाई सुदृढीकरण गर्न, निगरानी र अपराध रोकथामको प्रभावकारिताको लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आर्थिक सहयोगमा १० जिल्लाको ६४ स्थानमा १ सय २० वटा क्यामरा जडान गरिएको हो । जडान गरिएको क्यामरालाई ३८ वटा प्रहरी युनिटबाट नियमित रुपमा निगरानी गर्ने गरी व्यवस्था मिलाइएको छ । अन्तरप्रादेशिक सीमाना तथा राष्ट्रिय राजमार्गका सम्वेदनशील ३ स्थान नारायणगढ (चितवन), भिमान (सिन्धुली) र रातमाटे (मकवानपुर) मा अत्याधुनिक प्रविधियुक्त एएनपिआर क्यामरा र राडारप्रणाली जडान गरिएको प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठउपरीक्षक संजय थापाले जानकारी दिए ।

ट्राफिक व्यवस्थापन तथा अपराध नियन्त्रणमा ठोस योगदान दिने उनले विश्वास व्यक्त गरे ।



'प्रविधियुक्त सुरक्षा प्रणाली स्थापना गर्नु प्रदेश सरकारको दुरदृष्टि रहेको छ' उनले भने, 'सोही दुरदृष्टि अनुसारको यस पहलले वस्तुनिष्ठ तथा प्रमाणमुखी अपराध अनुसन्धान तथा सुरक्षा कार्यलाई थप सहज, गतिशील र प्रभावकारी बनाउन मद्दत मिल्नेछ ।' सिसिटिभी निगारानी मापदण्ड अनुसार क्यामरामा कम्तिमा ९० दिनको डाटा भण्डारण क्षमताको व्यवस्था रहेको र विद्युत अवरोधको अवस्थामा पनि सिस्टम बन्द नहुने गरी पावर ब्याकअपको व्यवस्था गरिएको उनले बताए ।

क्यामरा जडानको लागि मन्त्रालयबाट २ करोड ९७ लाख रुपैयाँको स्वीकृति लिई नेक्सट् जेन आइटी सोलुसन प्रालिसँग २ करोड ८४ लाखमा जेठ १० गते सम्झौता गरिएको थियो । जडान गरिएका क्यामराको वारेन्टी २ वर्षको रहेको र यो अवधिमा कम्पनीले प्राविधिक मर्मत र सेवासमेत उपलब्ध गराउने छ । निकट भविष्यमा सिसिटिभी सम्बन्धी तालिम दिएर प्राविधिकको व्यवस्था गरिने उनले बताए । थापाका अनुसार यस योजनालाई दीर्घकालीनरुपमा भुकम्प, प्राकृतिक विपद्, राजनीतिक परिस्थितिको असहजता जस्ता सम्भावित जोखिम व्यवस्थापन सुनिश्चित गर्न बीमा समेत गरिएको छ ।

**क्यामरा जडानबाट प्रदेशको शान्तिसुरक्षालाई सुव्यवस्थित गर्न सहयोग पुग्नेछः मन्त्री लामिछाने**


कार्यक्रममा मन्त्री लामिछानेले क्यामरा जडानबाट प्रदेशको शान्तिसुरक्षालाई सुव्यवस्थित गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । प्रहरी कार्यालयहरुको लागि नयाँ भवन बनाउन, भएका भवनको संरचना सुधार गर्न, थप क्यामरा जडानको लागि थप ३ करोडको बजेट विनियोजन गरिएको उनले जानकारी दिए । मन्त्री लामिछानेले प्रदेश सरकार स्थापनाको ७ वर्षसम्म पनि प्रहरी समायोजनको विषय पेचिलो बन्दै गएको बताएका छन् ।

त्यसैगरी कार्यक्रममा बागमती प्रदेश प्रहरीप्रमुख अरुण पौडेलले पछिल्लो समय प्रविधिको तीव्रतर विकासले सुरक्षामा ठुलो चुनौती थपिँदै गएको बताएका छन् । सुरक्षा उपकरणको प्रयोग गरी सुरक्षाको निगरानी गर्नुपर्ने आजको आवश्यक रहेको उनको भनाई छ । प्रहरीप्रमुख पौडेलले सीमित जनशक्तिबाट प्रहरी संगठनले काम गरिरहेकोले थप जनशक्तिको व्यवस्था गर्नुपर्ने बताए । प्रदेशमा अझै पनि २ सय ५० वटा सिसिटिभीको आवश्यकता रहेको बताउँदै उनले आगामी वर्षमा थप १ सयवटा क्यामरा जडान गरिने उल्लेख गरे ।

कार्यक्रममा मध्यपृतना हेडक्वाटर सुपारेटारका उपरथि हरेन्द्र पाठक, मन्त्रालयका सचिव कृष्णबहादुर शाही, प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ लगायतको आतिथ्यता रहेको थियो । प्रदेशको राजधानी हेटौंडामा पनि पर्याप्त सिसी क्यामेरा नहुँदा सुरक्षा चुनौती बढेको छ । जनघनत्व बढ्दो अवस्थामा हुनु र सवारीसाधनको चाप पनि उत्तिकै रहँदा पर्याप्त सिसी क्यामेराको अभावमा सुरक्षा चुनौती थपिएको हो ।

हेटौंडाको मुख्य सडकचोक र राजमार्गमा पर्याप्त सिसी क्यामेरा नहुँदा र भएका सिसी क्यामेरा पनि मर्मतसंभारको अभावमा बिग्रिएका कारण समस्या भएको छ । विभिन्न निकायबाट सिसी क्यामेरा मर्मत र नयाँ जडानको काम गर्ने प्रतिबद्धता आएपनि काम अघि बढ्न सकेको छैन ।






साझाकुरा

## हाम्रो कुरा

# ओभरलोड नियन्त्रण

पछिल्ला दिनमा मालवाहक सवारीसाधनले क्षमताभन्दा बढी भारवहन गरेका कारण पुल भत्किने, सडकको अवस्था बिग्रने तथा दुर्घटनाको दर बढेको पाइएको छ । राष्ट्रिय राजमार्गहरु चाँडै बिग्रिएका छन् । भारतीय मालबाहक सवारीसाधनले यति धेरै लोर्ड बोकेर आएको हुन्छन् जुन नेपालको राष्ट्रिय राजमार्गको क्षमता भन्दा धेरै बढी हुने गरेको छ । सिंगल एक्सल मालबाहकका लागि बनाइएको नेपाली राजमार्गमा मल्टी एक्सल मालबाहक सवारीले ध्वस्त बनाएको यातायात ब्यवसायीले बताएका छन् । यातायात व्यवस्था विभागले क्षमताभन्दा धेरै लोड बोक्ने मालवाहक सवारीसाधनलाई कारबाही गर्न परिपत्र गरेको छ । विभागले असार १२ गते सबै जिल्ला प्रशासन कार्यालयलाई सम्बोधन गरेर धेरै भारवहन गर्ने मालवाहक सवारीलाई नियमन गर्न भनेको हो । मालवाहक सवारीसाधनले क्षमताभन्दा बढी भारवहन गरेका कारण पुल भत्किने, सडकको अवस्था बिग्रने तथा दुर्घटनाको दर बढेका कारण मालवाहक सवारीसाधनको कडाइका साथ अनुगमन गर्न विभागले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरेको हो ।

पत्रको बोधार्थ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, गृह मन्त्रालय, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ र नेपाल ट्रक व्यवसायी महासंघलाई दिएको यातायात ब्यवसायीले बताएका छन् । सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६ (३) अनुसार सवारीदर्ताको प्रमाणमत्रमा सवारीको कुल वजन (जीभीडब्लू/जीसीडब्लू), भारवहनक्षमता र भाररहित वजन छुट्टाछुट्टै रुपमा स्पष्ट हुनेगरी उल्लेख गर्नुपर्ने व्यवस्था छ । मालवाहक सवारीको भारवहन नियमनसम्बन्धी निर्देशिका २०७४ (संशोधन) समेतमा सडकमा सञ्चालन हुने मालवाहक सवारीले कुलवजन (वहन गरेको भार) खुल्ने लोडसिट वा आधिकारिक प्रमाण साथमा लिएर सञ्चालन गर्नुपर्ने, सम्बन्धित निकायले सवारी अनुगमन गर्दा यस्तो प्रमाणको आधारमा नियमन गर्न सक्ने, भारवहन अनुगमन तथा नियन्त्रण गर्ने निकायले कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सञ्चालन गरेको तौलपुलसमेतको प्रयोग गर्न सक्ने व्यवस्था रहेको विभागले उल्लेख गरेको छ । जाँच गरेर क्षमताभन्दा धेरै लोड बोक्ने मालवाहक सवारीलाई कारबाही गर्न विभागले भनेको छ । मालबाहक ट्रकले क्षमताभन्दा धेरै लोड बोक्दा पुल भाँचिने, सडक भत्किने क्रम बढेकाले हरेक जिल्ला प्रशासन कार्यालयले आफ्नो जिल्लामा रहेका सम्पूर्ण नियमनकारी निकायलाई निर्देशन तथा समन्वय गरेर त्यस्ता ट्रकको कडा निमयन गर्न भनिएको छ । टुक्राउन नमिल्ने सामान बोकेको कारण क्षमताभन्दा बढी तौल हुनजाने सवारीले भारवहन नियमनसम्बन्धी निर्देशिका २०७४ को बुँदा १०(२) अनुसारको पूर्वस्वीकृति लिइएको यकिन गरेरमात्र सञ्चालन गर्नदिन विभागले भनेको छ ।

अन्यको हकमा बुँदा ९ तथा १० को १ मा व्यवस्था भएअनुसार प्रचलित कानूनअनुसारको जरिवाना र भार मिलान गरेरमात्र सवारी सञ्चालन गर्न दिने व्यवस्था गर्न विभागले सबै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरेको हो । यातायात व्यवस्था विभागले सवारी तथा यातायात व्यवस्था ऐन २०४९ र यातायात व्यवस्था नियमावली २०५४ ले दिएको अधिकार प्रयोग गरेर भारवहन निर्देशिका २०७४ जारी गरेको थियो । निर्देशिकाको अनुसूची १ मा एक्सलअनुसार कति लोड बोक्न पाइने भन्ने व्यवस्था रहेको छ । अनुसूचीको व्याख्यामा कुल सवारी वजनसम्बन्धी विशेष सीमाहरुमा कुनै मालवाहक सवारीको कुल अधिकतम एक्सल लोड वा कुल सवारीवजन निर्धारणको लागि अनुसूची १ लाई आधार मानिनेछ तर, नेपालमा सञ्चालन हुने रिजिड ट्रकको हकमा कुल वजन ३६ मेट्रिकटन र ट्रेलर वा सेमी ट्रेलरको हकमा कुल वजन ४९ मेट्रिकटन भन्दा बढी हुनुहुँदैन भन्ने उल्लेख छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ साउन १ गते बिहीबार १७ जुलाई २०२५ । सप्तमी, साउन कृष्णपक्ष । दिल्लागा ११४५ ने.सं. । सूर्योदय ५:२०, सूर्यास्त ६:५९ । लूतो फाल्ने । थारूहरूको गुरही-गुरिया पर्व । श्रावण संक्रान्ति ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आनन्दको महसुस हुनेछ | **तुला** | : प्रेममा विवाद आउनसक्नेछ |
| **वृष** | : मन चञ्चल हुनेछ | **वृश्चिक** | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ |
| **मिथुन** | : मान-सम्मान बढ्नेछ | **धनु** | : हाँसखेलमा दिन जानेछ |
| **कर्कट** | : धन लाभ हुनेछ | **मकर** | : मनमा धेरै कुरा खेल्ने छन् |
| **सिंह** | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | **कुम्भ** | : रमाइलो यात्राको योग परेको छ |
| **कन्या** | : नबोली बस्दा राम्रो हुनेछ | **मीन** | : मन प्रसन्न रहनेछ |

# उकुसमुकुस अर्थतन्त्रमा २०८४ को मिसनले खोजेको समाधान



✍ अरूण राज सुमार्गी पराजुली

नेपाली जनता अब आउने निर्वाचनको विषयलाई लिएर के कस्तो धारणा बनाइरहेका छन ? यो त आउने २०८४ को निर्वाचन नै कुर्नपर्ने हुन्छ । अहिले भनिएका नयाँ र मुख्य दलहरुको मुख्य नारा मिसन-२०८४ रहेको देखिन्छ । आगामी २०८४ सालमा हुने निर्वाचनको व्यापक चर्चा सँगसँगै साना पार्टीहरुले अहिलेदेखि चलाइरहेको अभियानलाई दृष्टिगत गर्दा २०८४ पछिको सरकार पनि संयुक्त सर कार नै हुने प्रवल सम्भावना छ । राजनीतिक विश्लेषकहरुले उठाइरहेको 'राजनीतिक स्थायीत्व' र पुरा अवधिको सरकारको सपना यही शासकिय व्यवस्था र दलहरुको अर्कमण्यताले पुरा नहुने निश्चित छ । विगत ३५ वर्षसम्म नपाएको राजनीतिक स्थायीत्व आउने चुनावले पनि दिने कुनै संकेत छैन ।

वास्तवमा नेपालले मात्र होइन संसारले देखाइसकेको छ कि बहुदलीय लोकतान्त्रिक व्यवस्था खास गरी वेष्टमिन्सटर प्रणाली भनेकै एक राजनीतिक रुपमा अस्थिर व्यवस्था हो । तसर्थ, अर्थतन्त्र, विकास निर्माण र उद्योग व्यापार क्षेत्रलाई सकेसम्म राजनीतिबाट अलग्ग प्लाटफर्ममा राखेर द्रुतगतिमा समृद्धिको बाटोमा लिएर जाने बाहेक नेपालको लागि आर्को विकल्प छैन । यो "अलग्ग प्लाटफर्म" को अवधारणा कसरी लागु गर्न सकिन्छ भनेर सर्वसाधारणले बुझ्ने गरी सरल भाषामा नयाँ आउने र आइसकेका नयाँ पार्टीहरुले २०८४ निर्वाचनमा मुख्य मुद्दा बनाएर अघि बढेमा जनतालाई विश्वासमा लिन सजिलो हुनसक्छ । यस किसमको सम्भावना र आशा जगाउन सकिएन भने नयाँ पार्टीको एजेन्डामा जनताको आँखामा कुनै ठोस नयाँपन देखाउन कठिन हुनसक्छ । पाँच बर्षको अवधि पुरा नहुँदै नयाँ र पुरानो राजनीतिक दलहरु बीच कुनै भिन्नता छैन भन्ने भाष्य अहिले नै बनिसकेको छ ।

देशको अस्थिर राजनीति आम नागरिकलाई मन परिरहेको छैन् । तर नागरिकले पनि अब खासगरी स्थिरताको लागि निर्वाचनलाई सुझबुझ पुर्ण तरिकाले प्रयोग गर्नुपर्दछ । नागरिकको भोट हाल्ने नैसर्गिक अधिकारलाई सबैले प्रयोग गरेर विकास,सुशासन र समृद्धिको मिसनसहितको राजनीतिक दललाई प्रष्ट बहुमत दिनु आवश्यक छ । चाहे त्यो नयाँ राजनितिक दल होस् वा पुराना राजनीतिक दल होस् । लोकतन्त्रमा नागरिकले विश्वास गर्ने राजनीतिक दलमाथी नै हो । यतिखेर नयाँ भनिएका रास्वपा,बालेन्द्र साह र हर्क साम्पाङहरुको समिकरण आम नागरिकले अपेक्षा गरेको देखिन्छ । अब हुने निर्वाचनमा पनि पुराना राजनीतिक दलहरु गठबन्धन बनाउन भन्दा आफ्नै शक्तिले चुनाव लड्ने मनस्थितीमा देखिन्छन् । यद्यपी पुराना राजनीतिक दलहरुमा त्यो किसिमको कन्फिडेन्स बढिहालेको चाँही देखिदैन् । नागरिकले युवा पलायनलाई मुख्य चिन्ताको विषय बनाइरहदा नेतृत्व पनि युवा र केही नविन सोच बोकेको दल एकल सत्तामा आओस् भन्ने धारणा बनाएको देखिन्छ ।

एकातिर अर्थतन्त्र माथी उठ्न नसकिरहेको अवस्था अर्कोतिर उद्योगी पलायनको अवस्थाले मुलुक विस्तारै युवाविहिन र उद्योगविहिन बन्दै गइरहेको छ । जब देशमा केही उत्पादन नै हुँदैन् र उद्यमशिलताको विकासमा सरकार गम्भिर हुँदैन भने देशको अर्थतन्त्र कसरी माथी उठ्छ ? सरकार व्यवसायीमाथी कर्के नजरले हेर्ने, व्यवसाय सञ्चालन र स्थापनामा सरकार कठोर हुने, निजी क्षेत्रमैत्री सरकार भन्ने तर अस्थिर निती ल्याएर निजी क्षेत्रलाई विश्वासमा नलिने जस्तो कार्य अहिलेका सरकारहरुले गरिरहेका छन् । यसले पनि नेपालको समृद्धिलाई रोक्ने काम गरेको देखिन्छ । यसको अन्त्यको लागि स्थिर लगानी नीति तथा व्यवसायमैत्री कानुन आवश्यक पर्छ जुन अहिलेको राजनितिक दलहरु गरिरहेका छैनन् । मुखले निजी क्षेत्रमैत्री भनेपनि व्यवहारले मुठ्ठी कस्ने प्रवृति हावी भैरहेको छ ।

निरन्तर रुपमा नागरिकले अस्थिर सरकारको सास्ती भोगिरहेका छन् । केवल दलहरु चुनावदेखि चुनाव र सरकारदेखि सरकार सम्मको एजेण्डामा रुमलिरहेका छन् । नागरिकको अपेक्षा एकातिर र दलहरुको गतिविधि अर्कोतिर हुँदा नागरिक र दलको विश्वास विस्तारै अविश्वास, धोका र अस्थिरतामा परिणत भएको देखिन्छ । पटक-पटक दलहरुमाथी नागरिकले विश्वास गरेपनि दलको नीति उहि पुरानो र दलका नेता भ्रष्ट हुँदा नागरिकले अबको चुनावलाई विशेष मिसन मनाउनपर्छ भन्ने राजनितिक विश्लेषकहरुको धारणा छ ।

देश संघियतामा रहदापनि मुख्यमन्त्रीहरु प्रधानमन्त्रीकै निर्देशन कुर्नपर्ने, मुख्यमन्त्रीहरु सिंह दरबारमै धाउनपर्ने, ऐन नियम बनाउन संघिय सरकारले नै असहयोग गर्ने परिस्थितीले क्षेत्रिय द्वन्द बढ्ने चिन्ता उत्तिकै छ । खासगरी कर्णाली र मधेस अब संघियतालाई गिजोल्ने पक्षमा छैनन् । उनिहरु प्रष्ट निती र अधिकारको खोजीमा देखिन्छन् ।

विकासका एजेण्डामा पनि अहिलेको सरकारको नेतृत्व गरिरहेका दलहरु चुकेको देखिन्छ । प्रधानमन्त्री नै आफ्नो चुनावी क्षेत्रमा विकासका बजेट हाल्न केन्द्रित हुने दुखद अभ्यासले देशभरी असन्तुष्टि बढिरहेको छ । त्यसैले अहिले जर्बजस्ती प्रत्यक्ष कार्यकारीको अभ्यासमा जान नागरिकले दबाब दिइरहेको देखिन्छ । तर पुराना मुख्य दलहरु प्रत्यक्ष कार्यकारीमा जान डराइरहेका छन् । नागरिक र दलको ठिक विपरित धारणाले न नागरिकको चाहे अनुरुपको विकास भएको देखिन्छ न त सुशासन नै । आगामी निर्वाचनमा पनि नागरिक र दलको विपरित एजेण्डामा देश अघि बढे नयाँ दल र युवाले प्रत्यक्ष हस्तक्षेप गर्ने देखिन्छ ।

# देशले किन बुझ्दैन महावीरको महत्व ?

✍ बालकृष्ण पोखरेल



दशकभन्दा लामो बेलायत बसाइ । यहाँको प्रतिष्ठित विश्वविद्यालयबाट हासिल गरेको डिग्री, कर्पोरेट जगतमा कमाएको अनुभव र एउटा स्थापित जीवनशैली । तर, हरेक साँझ लन्डनको व्यस्त आकाशमुनि उभिएर नेपालको जूनकिरी चम्किने रातहरू सम्झिँदा मनमा एउटा प्रश्नले डेरा जमाउँथ्यो- 'यो ज्ञान, यो सीप र यो ऊर्जा मैले मेरो माटोको लागि कहिले खर्च गर्ने?' यो प्रश्न केवल मेरो व्यक्तिगत होइन, यो विश्वभरि छरिएका लाखौं नेपाली युवाहरूको साझा अन्तर ध्वनि हो । यो त्यो पीडा हो, जुन रहरले भन्दा बढी कहरले विदेशिएका हरेक स्वाभिमानी नेपालीको मनमा सल्किरहेको हुन्छ ।

हामीले देश छोड्दा अवसर थिएन, स्थायित्व थिएन, भविष्यको स्पष्ट खाका थिएन । राजनीतिक अस्थिरता, भ्रष्टाचार र 'आफ्नो मान्छे' नभई केही नहुने चरम निराशाजनक प्रणालीले हामीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षसम्म धकेलेको थियो । तर आज, विश्वको बदलिंदो परिदृश्य र नेपालभित्रैबाट अंकुराउँदै गरेका केही सकारात्मक झिल्काहरूले एउटा नयाँ संकेत दिइरहेका छन्- सायद अब नेपाल फर्किने र बनाउने समय साँच्चै आएको छ ।

**विगतको यथार्थः**
**रितिएको देश, भरिएको आकाश**

नेपाल नबन्नुका पछाडि कुनै एउटा मात्र कारण छैन । यो वर्षौंदेखिको प्रणालीगत कमजोरी, अदूरदर्शी नेतृत्व र सामाजिक उदासीनताको समष्टिगत परिणाम हो । जसलाई यसरी चर्चा गर्न सकिन्छ ।

१. नेतृत्वमा दीर्घकालीन दूरदृष्टिको खडेरी: हाम्रा नीति-निर्माताहरूले देशको सबैभन्दा ठूलो सम्पत्ति 'जनशक्ति' हो भन्ने कुरा कहिल्यै बुझेनन् । उनीहरूका लागि युवा भनेको केवल चुनावमा प्रयोग हुने भोट बैंक वा रेमिट्यान्स पठाउने मेसिन मात्र बन्यो । यदि आजभन्दा बीस वर्षअघि नै महावीर पुनले देखेको सपनालाई राष्ट्रिय गौरवको आयोजना मानेर अघि बढाइएको भए आज नेपाल सूचनाप्रविधि, अनुसन्धान र नवप्रवर्तनको क्षेत्रीय हब बनिसक्थ्यो । तर, सरकारले उहाँ जस्ता दूरदर्शी व्यक्तिलाई सहयोग गर्नुको सट्टा उल्टै प्रक्रियागत झन्झट र असहयोगको पर्खाल खडा गरिदियो । यो एउटा प्रतीक मात्र हो, जसले नेपालमा इमानदारीपूर्वक केही गर्छु भन्नेहरूलाई कसरी निरुत्साहित पारिन्छ भन्ने कटु सत्य बोल्छ ।

२. हलो अड्काएर गोरु चुट्ने प्रवृत्ति: नेपालमा कुनै नयाँ उद्योग वा व्यवसाय सुरु गर्नु भनेको फलामको चिउरा चपाउनुसरह हो । कम्पनी दर्तादेखि वातावरणीय प्रभाव मूल्यांकनसम्म, ऋण प्रक्रियादेखि सरकारी अनुदानसम्म, हरेक पाइलामा घुसखोरी, ढिलासुस्ती र अनावश्यक कानूनी अड्चनहरू छन् । यो 'सिन्डिकेट' र 'सेटिङ'को जालो तोडेर अघि बढ्ने आँट कसले गरोस्? यही कारणले गर्दा यहाँका क्षमतावान् व्यक्तिहरू पनि कि त पलायन भए, कि त निराश भएर चुपचाप बसे ।

३. अनुसन्धान र विकास (आर एन्ड डी) मा शून्य लगानी: विश्वका जुन देशहरू आज समृद्ध छन्, तिनीहरूले आफ्नो कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को उल्लेख्य हिस्सा अनुसन्धान र विकासमा लगानी गरेका छन् । इजरायल, दक्षिण कोरिया, फिनल्यान्ड जस्ता साना देशहरू ज्ञानमा आधारित अर्थतन्त्रका उत्कृष्ट उदाहरण हुन् । तर, नेपालमा आर एन्ड डीको बजेट सुन्दा पनि लाज लाग्ने अवस्था छ । हामीले कृषि, पर्यटन, जडीबुटी, जलस्रोत जस्ता हाम्रा अथाह सम्भावना भएका क्षेत्रमा समेत अनुसन्धान गरेर त्यसलाई व्यावसायिक बनाउन सकेनौं । परिणाम, हामीसँग स्याउ फल्ने जमिन छ, तर हामी चीनबाट स्याउ आयात गर्छौं । हामीसँग जडीबुटीको खानी छ, तर हामी भारतबाट सामान्य आयुर्वेदिक औषधि किन्छौं । योभन्दा ठूलो दुर्भाग्य के हुन सक्छ ?

**बदलिंदो विश्व परिदृश्यः**
**अवसर कि बाध्यता ?**

जुन 'सुनौलो भविष्य'को सपना बोकेर नेपाली युवाहरू विदेशिएका थिए, त्यो सपनाको रङ अब विस्तारै फिका हुँदैछ । यसका पछाडि केही विश्वव्यापी र ठोस कारण छन्, जसले विदेशमा रहेका नेपालीलाई 'फर्क' भन्न बाध्य बनाउँदैछ ।

१. कृत्रिम बौद्धिकता (एआई) को सुनामी: माथि उल्लेख गरे झैं, अमेरिका, बेलायत र युरोपका विकसित देशहरूमा कृत्रिम बौद्धिकताको प्रयोगले मानव संसाधनमा ठूलो कटौती ल्याएको छ । पहिले केवल फ्याक्ट्रीका कामदार विस्थापित हुने डर थियो, तर अब एआईले लेखापाल, सफ्टवेयर टेस्टर, ग्राहक सेवा, मार्केटिङ एनालिस्ट जस्ता बौद्धिक मानिने (ह्वाइट-कलर) जागिरहरू पनि खोस्न थालेको छ । बेलायतको कर्पोरेट क्षेत्रमा भएको हजारौंको कटौती यसको ज्वलन्त उदाहरण हो । जब एउटा एआई प्रणालीले सय जनाको काम एक्लै गर्न सक्छ भने, कुनै पनि कम्पनीले महँगो तलब दिएर आप्रवासी कामदार किन राखिराख्छ? यसले गर्दा विदेशमा मध्यम तहको जागिरमा आश्रित नेपालीको भविष्य अनिश्चित बन्दै गएको छ ।

२. कठोर बन्दै गरेको आप्रवासन नीति: एआईको विकाससँगै विकसित देशहरूलाई अब ठूलो संख्यामा सामान्य दक्ष कामदारको आवश्यकता छैन । उनीहरूलाई अब केवल उच्च विशिष्ट प्रतिभा जस्तै- एआई वैज्ञानिक, क्वान्टम फिजिक्सिस्ट वा नोबेल पुरस्कार विजेता स्तरका मानिस चाहिएको छ । त्यसैले, उनीहरूले आफ्नो आप्रवासन नीतिलाई अत्यन्तै कसिलो बनाउँदै लगेका छन् । 'वर्क परमिट' पाउन गाह्रो हुने, भिसा प्रक्रिया झन्झटिलो र महँगो हुने क्रम बढेको छ । यसले गर्दा 'पढाइ सक्यो, अब यहीं सेटल हुने' भन्ने सपना धेरैका लागि दिवास्वप्न बन्दैछ ।

३. अर्थपूर्ण जीवनको खोजी: विदेशको भौतिक सफलता बीच पनि आमाबुबाको चाउरिंदो अनुहार भिडियो कलमै हेर्नु, अन्तिम घडीमा साथ नपाउनु अनि चाडपर्वमा काखको माया गुमाउनु जस्ता पीडाले फदय पोल्छ । आफ्ना सन्तान नेपाली भाषा र संस्कारबाट टाढिँदै गएको देख्दा हरेक आमाबाबु दोधारमा पर्छन्- न पूर्ण नेपाली, न पूर्ण विदेशी । यो 'दुई डुङ्गाको यात्रा'ले पारिवारिक र आत्मिक जीवनलाई अझ कठिन बनाउँछ । जब भौतिक सफलता पनि खोक्रो लाग्न थाल्छ, तब आफ्ना जरा, आमाबुबाको माया र आफ्नो पहिचानतिर फर्कने चाहना बलियो बन्छ । स्वदेश फर्किने निर्णय अब हार होइन, बरु अर्थपूर्ण जीवनको खोजीमा गरिएको एक गर्विलो र सचेत यात्रा हो ।

यी तीन वटै कारणले एउटा 'पुश फ्याक्टर' सिर्जना गरिरहेका छन्, जसले विदेशमा रहेका नेपालीलाई नेपाल फर्कन मनोवैज्ञानिक र आर्थिक रूपमा दबाब दिइरहेको छ । अबको ५ वर्षभित्र यो लहर अझै तीव्र हुने निश्चित छ ।

**नेपाल कायापलटको सूत्र**

यहीं फर्किने लहरलाई यदि नेपालले सही तरिकाले उपयोग गर्न सक्यो भने देशले काँचुली फेर्न धेरै समय लाग्दैन । यहाँ महावीर पुन एउटा व्यक्ति मात्र होइनन्, एउटा 'प्रवृत्ति' (पाराडाइम) हुन् । उहाँले देखाएको बाटो नै अबको नेपाल निर्माणको मूल सूत्र हो ।

१. ज्ञान, सीप र पूँजीको त्रिवेणी: विदेशबाट फर्किने युवाहरूले आफूसँग केवल पैसा मात्र लिएर आउँदैनन्ह उनीहरूले विश्वस्तरीय ज्ञान, व्यावसायिक सीप, अन्तर्राष्ट्रिय नेटवर्क, नवीनतम प्रविधिको अनुभव र एउटा भिन्न कार्यसंस्कृति लिएर आउँछन् । सोचौं त, सिलिकन भ्यालीमा काम गरेको एक जना सफ्टवेयर आर्किटेक्ट, लन्डनमा वित्तीय मोडलिङ गरेको एक जना फाइनान्स एक्सपर्ट र जर्मनीमा अटोमेसनमा काम गरेको एक जना इन्जिनियर जब नेपाल फर्केर सहकार्य गर्छन्, उनीहरूले कस्तो अद्भुत कम्पनी खडा गर्न सक्लान् ? यो ज्ञान, सीप र पूँजीको त्रिवेणीले नेपालमा एउटा नयाँ औद्योगिक र प्राविधिक क्रान्तिको बीजारोपण गर्न सक्छ ।

२. समस्या-केन्द्रित नवप्रवर्तन: महावीर पुनको सफलताको रहस्य के हो भने उहाँले नेपालकै मौलिक समस्याहरू (जस्तै: गाउँमा इन्टर नेट, अस्पतालमा उपकरण) लाई समाधान गर्ने लक्ष्य राख्नुभयो । विदेशबाट फर्किने युवाहरूले पनि यही मोडेल अपनाउनुपर्छ । नेपालको कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा र फोहोर व्यवस्थापनमा अनगिन्ती समस्या छन्, र हरेक समस्याभित्र एउटा व्यापारिक अवसर लुकेको छ । हामीले ड्रोन प्रविधि प्रयोग गरेर कृषिमा क्रान्ति ल्याउन सक्छौं, भर्चुअल रियालिटी (भीआर) मार्फत विश्वभरिका पर्यटकलाई सगरमाथाको अनुभव गराउन सक्छौं, र एआई प्रयोग गरेर स्वास्थ्य सेवालाई दुर्गम गाउँसम्म पुऱ्याउन सक्छौं ।

३. सरकारको भूमिका: सहजकर्ता, नियन्त्रक होइन: अबको ५ वर्ष नेपालका लागि 'गर या मर' को अवस्था हो । यदि सरकारले अझै पनि पुरानै शैलीमा 'सिंहदरबारको जडता' देखाइरह्यो भने यो सुनौलो अवसर खेर जानेछ । सरकारले अब आफूलाई नियन्त्रक (रेगुलेटर) होइन, सहजकर्ता (फेसिलिटेटर) को भूमिकामा उभ्याउनुपर्छ ।

- एकद्वार नीति: व्यवसाय दर्ता, कर प्रणाली र लगानी स्वीकृतिका लागि झन्झटमुक्त एकद्वार नीतिको तत्काल कार्यान्वयन ।
- भेन्चर क्यापिटल र सीड फन्ड: नयाँ र जोखिमपूर्ण आइडियामा लगानी गर्न सरकार र निजी क्षेत्रको सहकार्यमा 'भेन्चर क्यापिटल' कोषको स्थापना ।
- बौद्धिक सम्पत्ति संरक्षण: नवप्रवर्तकहरूको बौद्धिक सम्पत्तिको कडा सुरक्षा गर्ने कानून, ताकि उनीहरूले आफ्नो आइडिया चोरी हुने डर विना काम गर्न सकून् ।
- अनुसन्धानलाई प्रोत्साहन: विश्वविद्यालय र निजी क्षेत्रलाई अनुसन्धानका लागि अनुदान र कर छुटको व्यवस्था ।

**अबको बाटो र हाम्रो भूमिका**


'अब नेपाल बन्ने संकेत' कुनै ज्योतिषीय भविष्यवाणी होइन, यो विश्वव्यापी परिस्थिति र राष्ट्रिय सम्भावनाको वस्तुनिष्ठ विश्लेषण हो । विदेशमा अवसरहरू साँघुरिँदै जानु र नेपालभित्र महावीर पुन जस्ता व्यक्तिहरूले जगाएको आशाको दियोले एउटा यस्तो संगमविन्दु सिर्जना गरेको छ, जहाँबाट देशले नयाँ उडान भर्न सक्छ । तर, यो संकेतलाई यथार्थमा बदल्ने जिम्मेवारी हामी सबैको काँधमा छ । विदेशमा रहेका नेपालीले 'सरकारले सबथोक गरेपछि मात्र फर्किन्छु' भन्ने सोच त्यागेर, आफैंले परिवर्तनको अगुवाइ गर्ने आँट गर्नुपर्छ ।

नेपालमा रहेका हामीले फर्केर आउनेहरूलाई स्वागत गर्न, उनीहरूको ज्ञान र सीपलाई सम्मान गर्न र उनीहरूसँग काँधमा काँध मिलाएर काम गर्न तयार हुनुपर्छ । र, सबैभन्दा महत्वपूर्ण, सरकार र राजनीतिक नेतृत्वले आफ्नो अदूरदर्शी र स्वार्थी मानसिकता त्यागेर यो ऐतिहासिक अवसरलाई चिन्न सक्नुपर्छ । जसरी एउटा सर्पले पुरानो काँचुली फेरेर नयाँ जीवन प्राप्त गर्छ, त्यसैगरी नेपालले पनि अब आफ्नो निराशा, भ्रष्टाचार र पछौटेपनको पुरानो काँचुली फेर्ने बेला आएको छ । विदेशबाट फर्किने युवाहरूको ऊर्जा र स्वदेशमा रहेकाहरूको अनुभवको संयोजनले नै त्यो नयाँ, समृद्ध र स्वाभिमानी नेपालको निर्माण गर्नेछ, जसको सपना हामी सबैले दशकौंदेखि देखिरहेका छौं । यो संकेत मात्र होइन, यो इतिहास रच्ने एउटा आह्वान हो । अब हामी सबै मिलेर यो आह्वानलाई सार्थक बनाउन जुट्ने कि ?

*(साभार: अनलाइनखबर)*

# त्रिविमा नियम मिचेर कोही कामु, कोही निमित्त प्रमुख

काठमाडौं/त्रिभुवन विश्वविद्यालयका विभिन्न निकायमा नियमविपरीत कायममुकायम र निमित्त प्रमुख राख्ने गरेको पाइएको छ । कायममुकायमको नाममा एक तह बढुवा गरेर मासिक रूपमा तलब-भत्ता खुवाउने गरेको भेटिएपछि त्रिविको कार्यकारी परिषद्ले १३ असोज २०८० मा (निर्णय नम्बर ३६७) १ कात्तिकदेखि लागू हुने गरी कायममुकायम खारेज गरेको थियो । तर अहिले पनि विश्वविद्यालयको विभिन्न निकायमा कामु राखिएको भेटिएको छ ।



'उपसचिवलाई कामु बनाएर सहसचिव तहको सेवा-सुविधा दिइएको छ' विश्वविद्यालयका एक उच्च अधिकारीले भने, 'कार्यकारी परिषद्ले कामु खारेज गरे पनि निर्णय कार्यान्वयन भएको छैन ।' तत्कालीन उपकुलपति प्रा.डा. केशरजंग बरालको कार्यकालमा कामु नराख्ने निर्णय गरिएको हो ।

यसरी कामु खानेमा त्रिवि शिक्षाध्यक्ष कार्यालयका प्रमुख गोविन्द थापा, रजिस्ट्रार कार्यालय प्रमुख कमल घिमिरे र परीक्षा नियन्त्रण कार्यालयका उपप्रशासक नविन्द्र भण्डारी छन् ।

'उहाँहरूलाई एक तहमाथि बढुवा गरी सेवा-सुविधा दिएर कायममुकायम बनाइएको छ' त्रिवि स्रोतले भन्यो, 'त्रिविका विभिन्न निकायमा ३० जनाभन्दा बढी कामु भएर काम गरिरहेका छन् ।'

कायममुकायम खारेजीको निर्णय हाल त्रिवि कर्मचारी प्रशासन महाशाखामा गएर रोकिएको छ । 'बराल सरको कार्यकालमा कामु नराख्ने पत्र कर्मचारी प्रशासन महाशाखामा पठाइएको हो तर कार्यान्वयन नगरी रोकेर राखिएको छ' ती अधिकारीले भने, 'निश्चित अवधिको लागि कायममुकायम राख्ने व्यवस्था नियममा छ । तर पहुँचकै आधारमा वर्षौंसम्म कामु खाएर बस्ने गरेका छन् ।'

गत १ कात्तिकदेखि कामु हटाउनुपर्नेमा नहटाएपछि कुलपति एवं प्रधानमन्त्री केपी ओलीसमक्ष उजुरी दिने तयारी कर्मचारी र विद्यार्थीले गरेका छन् ।

'नियमविपरीत कामु खाएर बसेका विरुद्ध उजुरी दिने तयारी गरेका छौं । १ कात्तिकदेखि हालसम्म लिएको तलब-भत्ता तथा सेवा-सुविधा फिर्ता हुनुपर्छ,' उजुरी दिने तयारीमा रहेका एक विद्यार्थीले भने ।

पूर्व उपकुलपति बराल कामु हटाउने निर्णय कार्यान्वयन गर्न आफूले दुई पटकसम्म सर्कुलर गरेको बताउँछन् । 'मेरो कार्यकालमा कामु हटाउने निर्णय भएको हो ।

कार्यान्वयन गर्न दुईपटक सर्कुलर गरेको तर किन कार्यान्वयन भएन, अहिलेका पदाधिकारीलाई सोध्नुपर्छ,' पूर्वउपकुलपति बरालले भने, 'कामु राख्नुपर्‍यो भनेर असाध्यै दबाब आउने रहेछ । कामु दुई/चार महिनाको लागि हो, तर वर्षौंसम्म कामु भएर बस्ने रहेछन् । यसले त्रिविलाई आर्थिक भार बढेको छ ।'

लामो समयसम्म कामु भएर बस्दा नयाँ आउने कर्मचारीलाई समेत असर पर्ने गरेको पूर्व उपकुलपति बराल बताउँछन् । त्रिवि स्रोतका अनुसार कार्याकारीको निर्णय पत्र नै कार्मचारी प्रशासन महाशाखामा लुकाएर राखिएको छ ।

'कामु भएर बसेकाको दबाबमा कार्यकारीले गरेको निर्णय नै लुकाइएको छ,' ती अधिकारीले भने । कामु प्रमुख मात्र होइन, त्रिविमा धेरै वटा कार्यालयमा निमित्त प्रमुख राखिएको छ ।

उपकुलपति कार्यालयको प्रमुखमा गणेश आचार्य, शिक्षाध्यक्षको कार्यालय अन्तर्गतको समन्वय महाशाखामा दीपक तिवारी र रजिष्ट्रार कार्यालय अन्तर्गतको कर्मचारी प्रशासन महाशाखामा दिनेश घिमिरे निमित्त प्रमुख छन् । तर निमित्त प्रमुखहरूले निर्णय कार्यान्वयन नहुनुको कारण आफूहरूलाई थाहा नभएको बताएका छन् ।

'कार्यकारीबाट निर्णय भएको सुनेको हो । पत्र भेटेको छैन । म भर्खरै निमित्त प्रमुख भएको हुँ । कार्यकारीको निर्णय थाहा छैन,' कर्मचारी प्रशासन महाशाखा निमित्त प्रमुख घिमिरेले भने ।

समन्वय महाशाखाका निमित्त प्रमुख भने यसबारे बोल्न चाहेनन् । 'कार्यकारीले गरेको निर्णय सम्बन्धित महाशाखामा हुन्छ । यो विषयमा कुनै जानकारी छैन,' उनले भने ।

उपकुलपति प्रा.डा. दीपक अर्यालले अबदेखि कसैलाई पनि कामु नदिने बताए । उनले भने, 'म आउनुअघि निर्णय भएको रहेछ । केही संख्यामा कामु भएर काम गरिरहेका रहेछन् । अबदेखि कसैलाई पनि कामु दिँदैनौं ।'

*(स्रोत: अनलाइनखबर)*

# असार अन्तिमसम्म बागमतीमा ७६ प्रतिशत रोपाइँ

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ यसवर्ष बागमती प्रदेशमा असारको अन्तिम सातासम्म ७६ दशमलव ४८ प्रतिशत रोपाइँ भएको छ । गतवर्षको यही अवधिमा बागमतीमा ७० दशमलव ६ प्रतिशत रोपाइँ भएको थियो ।



गतवर्षभन्दा यसवर्ष धान रोपाइँ राम्रो भइरहेको बागमती प्रदेश कृषि तथा पशुपन्छी मन्त्रालयअन्तर्गत कृषि विकास निर्देशनालयले जनाएको छ । प्रदेशका अधिकांश धान रोपाइँ हुने स्थानमा यसवर्ष समयमै पानीपर्न सुरु गरेकाले राम्रो भइरहेको निर्देशनालयका निर्देशक सुधीर श्रेष्ठले बताए । उनका अनुसार यसवर्ष बागमती प्रदेशको १३ जिल्लाको कूल एक लाख २० हजार ६१० हेक्टर जमिनमा धानखेती हुने अपेक्षा गरिएकोमा असार २२ गतेसम्म ६२ हजार ४६० दमलब ६८ हेक्टर क्षेत्रफलमा ७६ दशमलब ४८ प्रतिशत रोपाइँ सकिएको हो ।

निर्देशक श्रेष्ठले बागमती प्रदेशका १३ जिल्लामा सबैभन्दा बढी काठमाडौं, भक्तपुर र ललितपुरमा सतप्रतिशत रोपाई सकिएको जानकारी दिए । धान रोपाइँ हुने कुल क्षेत्रफल पाँच हजार ९२४ हेक्टर क्षेत्रफल रहेको काठमाडौं, चार हजार १६३ हेक्टर क्षेत्रफल रहेको ललितपुर र दुई हजार ६९९ हेक्टर क्षेत्रफल भएको भक्तपुरमा सतप्रतिशत रोपाइँ सम्पन्न भएको हो । सबैभन्दा कम रोपाइँ धादिङमा भएको छ । यहाँ जम्मा ४० प्रतिशत मात्रै रोपाइँ भएको निर्देशक श्रेष्ठले जानकारी दिए । धादिङमा ११ हजार १५९ हेक्टर क्षेत्रफलमा धान रोप्ने गरिए पनि यसवर्ष अहिलेसम्म यहाँ जम्मा चार हजार ४६४ हेक्टर क्षेत्रफलमा मात्रै रोपाइँ भएको हो ।

निर्देशनालयबाट प्राप्त विवरणअनुसार मकवानपुरमा सात हजार ६७ हेक्टर जमिनमध्ये ५९ दशमलव ३ प्रतिशत अर्थात् जम्मा चार हजार १९३ दशमलव ५ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको छ । यसैगरी, २७ हजार २०७ हेक्टर क्षेत्रफलमा रोपाइँ हुने गरेको चितवनमा ८० दशमलब ३ प्रतिशत अर्थात २१ हजार ८५० हेक्टरमा, नुवाकोटमा १६ हजार ४९८ हेक्टर धानखेती हुने जमिनमध्ये ९६ प्रतिशत अर्थात १६ हजार २८९ हेक्टर जमिनमा धान रोपाइँ सकिएको छ ।

सिन्धुपाल्चोकमा आठ हजार ७८२ हेक्टरमध्ये ६७ दशमलब २ प्रतिशत अर्थात पाँच हजार ९०१ दशमलब ३ हेक्टरमा, दोलखामा दुई हजार ८१४ हेक्टर जमिनमध्ये ९२ प्रतिशत आर्थत २ हजार ५८८ दशमलब ८८ हेक्टर क्षेत्रफलमा, सिन्धुलीमा ११ हजार ४४५ हेक्टर जमिनमध्ये ६३ दशमलब ७ प्रतिशत अर्थात ८ हजार ५६५ हेक्टर क्षेत्रलफलमा र रामेछापमा ७ हजार ८५९ हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेकोमा यसवर्ष ६ हजार ५२२ दशमलब ९७ हेक्टर क्षेत्रफलमा अर्थात ८३ प्रतिशत धान रोपाइँ भएको छ ।

१० हजार २१० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने काभ्रेमा ७६ दशमलब १४ प्रतिशत अर्थात सात हजार ७७४ दशमलब २ क्षेत्रफलमा रोपाइँ भएको छ । मन्त्रालयका अनुसार प्रदेशमै सबैभन्दा कम क्षेत्रफलमा धान रोपाई हुने रसुवाको दुई हजार ७१८ हेक्टर क्षेत्रफलमध्ये एक हजार ४९ हेक्टर क्षेत्रफल अर्थात ३७ दशमलब ७० प्रतिशत धान रोपाइँ भएको छ । प्रदेशमा रहेको भौगौलिक विकटता र सिँचाइको अभाव रहेका जिल्लामा अझै पर्याप्त मात्रामा पानी नपरेकाले अपेक्षा गरेजति छिटो धानखेती हुन नसकेको निर्देशनालयले जनाएको छ ।

## साफ यू-२० महिला च्याम्पियनसिप :

# मीनाको ह्याट्रिकमा श्रीलंकाविरुद्ध नेपालको फराकिलो जित



काठमाडौं/मीना देउवाको ह्याट्रिक मद्दतमा नेपालले बंगलादेशमा जारी साफ यू-२० महिला च्याम्पियनसिपको आफ्नो तेस्रो खेलमा श्रीलंकामाथि फराकिलो जित निकालेको छ। नेपालले श्रीलंकालाई ७-० गोलअन्तरले हराएको हो ।

भारी वर्षाका कारण बसुन्धरा किङ्स एरेनाको अभ्यास मैदानमा ढिला गरी सुरु भएको खेलमा नेपालका लागि मीनाको ह्याट्रिकसँगै पूर्णिमा राईले २ तथा समिक्षा मगर र सरिता कुमारीले १-१ गोल गरे । पहिलो हाफमै ५ गोल गरेको नेपालले दोस्रो हाफमा २ गोल मात्र थप्यो ।

खेलको आठौं मिनेटमा मीनाले डिबक्सको बाहिरबाट गोल गर्दै नेपाललाई अग्रता दिलाएकी थिइन् । १३औं मिनेटमा समिक्षाले नेपालको अग्रता दोब्बर पारिन् ।

४२औं मिनेटमा मीनाले व्यक्तिगत दोस्रो गोल गर्दै नेपाललाई ३-० को अग्रतामा पुर्‍याइन् । इन्जुरी समयमा पूर्णिमा राईले दुई गोल गर्दै अग्रता अझ फराकिलो बनाइन् ।

नेपालले छैटौं गोल गर्न भने ७० मिनेटसम्म कुर्नुपर्‍यो । ७०औं मिनेटमा मीनाले गोल गर्दै ह्याट्रिक पनि पूरा गरिन् र नेपाल ६-० ले अघि बढ्यो । इन्जुरी समयमा सरिता कुमारीले फ्रिकिकमा गोल गर्दै नेपाललाई ७-० को अवस्थामा पुर्‍याइन् ।

नेपालले यीबाहेक पनि अन्य धेरै अवसरहरू पाउँदा गोलमा परिणत भने गर्न सकेन । नेपालले आफ्नो पहिलो खेलमा शुक्रबार भुटानलाई ६-१ गोलअन्तरले हराएको थियो भने दोस्रो खेलमा बंगलादेशसँग ३-२ गोलअन्तरले पराजित भएको थियो ।

श्रीलंकाले पहिलो खेलमा बंगलादेशसँग ९-१ को फराकिलो हार बेहोरेको थियो । दोस्रो खेलमा भुटानसँग ५-० को हार बेहोरेको थियो । प्रतियोगितामा बंगलादेश ३ खेलमा ९ अंकसहित शीर्षस्थानमा छ भने नेपालको ३ खेलमा ६ अंक भएको छ । तेस्रो स्थानमा रहेको भुटानको ३ अंक छ ।

चार टोली सहभागी च्याम्पियनसिप डबल राउण्ड रोबिन फर्म्याटमा खेलाइएको छ । अन्तिममा धेरै अंक जोडेर शीर्ष स्थानमा रहने टोली च्याम्पियन बन्नेछ ।

# देशभरि ११ लाख बालश्रमिक, २ लाख २२ हजार जोखिमयुक्त

काठमाडौं/देशभरि ११ लाख बालश्रमिक रहेको सरकारी अध्ययनले देखाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सार्वजनिक गरेको 'राष्ट्रिय बालश्रम निवारण प्रतिवेदन २०८२' ले यो तथ्यांक देखाएको हो । जस अनुसार देशभरि १० लाख ८१ हजार बालश्रमिक रहेको देखिएको छ ।

तीमध्ये २ लाख २२ हजार जोखिमयुक्त बालश्रमिक रहेको समेत तथ्यांकले देखाएको छ । बालश्रमिक सबैभन्दा धेरै कृषिमा रहेको देखिन्छ । कृषि क्षेत्रमा ८७ प्रतिशत बालबालिकाले श्रम गरिरहेको समेत सरकारको तथ्यांकले देखाएको छ । कुल बालबालिकाको संख्याका आधारमा १५.३ प्रतिशत बालश्रमिक रहेको समेत देखिन्छ ।

प्रदेशगत हेर्दा सबैभन्दा धेरै बालश्रमिक कोशीमा छन् । तर, जनसंख्याका आधारमा भने धेरै बालश्रमिक कर्णालीमा सक्रिय रहेको सरकारको तथ्यांक छ । सबैभन्दा कम बालश्रमिक संख्यात्मक हिसाबले गण्डकीमा देखिएको छ । जनसंख्याका आधारमा भने सबैभन्दा कम प्रतिशत बागमतीमा छ ।

सहरको तुलनामा ग्रामीण भेगमा बालश्रम बढी रहेको पाइएको छ । तर, बालश्रमिक घट्दो क्रममा भने रहेको देखिन्छ । सन् २००८ मा बालश्रममा रहेको बालिकाको प्रतिशत २०.६ रहेकोमा २०१७/१८ मा आइपुग्दा १५.३ प्रतिशतमा झरेको देखिन्छ ।

जोखिमपूर्ण काममा संलग्न प्रतिशत ८ बाट ३.१ मा झरेको छ । श्रम मन्त्रालयका सहसचिव डण्डुराज घिमिरेका अनुसार यो तथ्यांक नेपाल श्रमशक्ति सर्वेक्षण सन् २०१७/१८ का आधारमा निकालिएको हो ।

राष्ट्रिय तथ्यांक कार्यालयले हरेक १०/१० वर्ष अन्तरमा यस्तो सर्वेक्षण निकाल्ने गर्छ । नयाँ सर्वेक्षण सार्वजनिक नभएसम्म पुरानै सर्वेक्षणलाई आधिकारिक मानेर प्रतिवेदन सार्वजनिक गरिएको उनले जानकारी दिए । बालश्रम निवारणसँग सम्बन्धित क्रियाकलाप समेटेर प्रतिवेदन निकालिएको उनको भनाइ छ । प्रतिवेदनले यस क्षेत्रमा कार्यरत सरोकारवालालाई कार्यक्रम तय गर्न सहज हुने समेत उनले बताए ।

श्रममन्त्री शरतसिंह भण्डारीले अब निर्माण हुने बालश्रम सम्बन्धी कानुनमा बालश्रम र बाल कार्यका सम्बन्धमा स्पष्टता गर्नुपर्ने आवश्यकता रहेको बताए ।

उनले जनस्तरमा व्यापक अभिमुखीकरणको आवश्यकता रहेको समेत उल्लेख गरेका छन् । बालश्रम निवारणमा श्रम मन्त्रालयले नेतृत्व गर्नुपर्ने भए पनि सरोकारवाला सबै निकायको भूमिका महत्त्वपूर्ण हुने समेत उनले बताए ।

उनले स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमा रहेका रोजगार संयोजकलाई बालश्रम निवारणमा समेत प्रभावकारी परिचालन गर्नुपर्ने बताए । मन्त्रालयका सहसचिव प्रदीपकुमार कोइरालाले विगतमा बालश्रम र बाल कामको स्पष्टता नभएका कारण बालश्रम निवारणको काम जटिल रहेको भन्दै आगामी दिनमा ऐनमै यसमा स्पष्ट पारिने बताए ।

सरकारको तथ्यांक अनुसार १० स्थानीय तहले आफूलाई बालश्रममुक्त घोषणा गरिसकेका छन् । जसमा म्याग्दीको रघुगंगा गाउँपालिका, रोल्पा त्रिवेणी गाउँपालिका, कपिलवस्तु बाणगंगा नगरपालिका, इलाम सूर्योदय नगरपालिका र तनहुँ म्याग्दे गाउँपालिका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# नाजिरको 'गुन्यो चोलो' भदौ १३ गते आउने, 'म फूल हुँ कि काँडा' गीत रिलिज

काठमाडौं/अभिनेता नाजिर हुसेनले पहिलो पटक पारालैंगिक महिला (ट्रान्सवुमन)को भूमिकामा अभिनय गरेको फिल्म 'गुन्यो चोलो' आगामी भदौ १३ गतेबाट प्रदर्शनमा आउने भएको छ । मंगलबार काठमाडौंमा एक कार्यक्रमका बीच फिल्मको पहिलो गीत 'म फूल हुँ कि काँडा' सार्वजनिक गर्दै प्रदर्शन मितिबारे जानकारी गराइएको हो । उक्त मिति ऋषिपञ्चमीको भोलिपल्ट परेको छ ।

सार्वजनिक गीतको भिडियोमा नाजिर बेहुलीझैं सिंगारिएर कुनै माहोलमा नृत्य गरिरहेका देखिन्छन् । उनी दुरुस्तै महिला देखिएका छन् । उनको हाउभाउ र नृत्य शैली पनि महिलाजस्तै छ । नृत्य गरिरहँदा उनको अनुहारमा पीडाभाव झल्किएको छ । उनले यो फिल्ममा ट्रान्सवुमनको भूमिका निभाउन करिब १६ केजी तौल घटाएका थिए ।

कमल राईको कोरियोग्राफी रहेको गीतको भिडियोमा नाजिर सहित सुशील सिटौला, उत्तम केसी, स्व. सानु ताम्राकार, शिशिर राणा लगायतका कलाकारहरु पनि प्रस्तुत छन् । लेखु सहयात्रीको संगीत तथा शब्द रचना रहेको गीतमा मनीषा पोखरेलको गायन छ । लेखुले संगीत भरेको यो पहिलो गीत छ । कार्यक्रममा गायिका पोखरेलले गीतको सानो अंश गाएर सुनाएकी थिइन् ।

समुन्द्र भट्टको निर्देशनमा बनेको फिल्ममा नाजिरको आमाको भूमिकामा सञ्चिता लुईंटेलले अभिनय गरेकी छन् भने उनको दिदीको भूमिकामा पत्रकार समेत रहेकी निशा बजगाईं छिन् । उनीहरुसहित फिल्ममा विशाल पहारी, अनुपम श्रेष्ठ लगायतको पनि अभिनय रहेको छ । आलोक शुक्लाको छायांकन रहेको फिल्मको पटकथा निर्देशक भट्ट र अभिनेता हुसेनले तयार पारेका हुन् ।

# असार सकिँदै गर्दा वित्तीय प्रणालीको ७ खर्ब थुप्रियो राष्ट्र बैंकमा

काठमाडौं/आर्थिक वर्षको एकदिन अघिसम्म वित्तीय प्रणालीको करिब ७ खर्ब रुपैयाँ नेपाल राष्ट्र बैंकमा थुप्रिएको छ । आव अन्त्यमा समान्यतया बैंक तथा वित्तीय संस्थामा अधिक तरलता हुन्छ, अधिक तरलता भएपछि अन्तरबैंक दर घट्ने भएकाले केन्द्रीय बैंकले खिच्छ । आव अन्तिम महिना कर्जा लगानी करिब ठप्प नै हुन्छ । असुलीका कारण निक्षेपमा वृद्धि हुने भएकाले अधिक तरलताको अवस्था हुने गर्छ ।

चालु आव पनि निर्यात बढेको, रेमिट्यान्स बढेको र सँगसँगै असुलीमा समेत सुधार आएका कारण अधिक तरलताको अवस्था बनेको हो । साथै, यो अवधिमा कर्जा लगानी समेत सुस्त छ । त्यसले गर्दा मंगलबारसम्म वित्तीय प्रणालीमा करिब ७ खर्ब बराबरको तरलता छ ।

वित्तीय प्रणालीमा अधिक तरलता भए पनि अन्तर बैंकदर बढ्ने-घट्ने तथा ब्याजदरमा असर गर्ने भएकाले स्थायी निक्षेप सुविधा र निक्षेप संकलन उपकरण मार्फत तरलता खिच्छ । चालु आव ३१ असारसम्म वित्तीय प्रणालीको ६ खर्ब ९२ अर्ब ६५ करोड रुपैयाँ अधिक तरलता खिचेर राखेको छ । उक्त रकममध्ये ३ खर्ब ७७ अर्ब निक्षेप संकलन उपकरणको हो भने बाँकी ३ खर्ब १५ अर्ब स्थायी निक्षेप सुविधा मार्फत खिचेको हो । त्यसैगरी सोमबारसम्म वित्तीय प्रणालीमा करिब ६९ अर्ब तरलता रहेको केन्द्रीय बैंकले जनाएको छ । चालु आवमा अर्थतन्त्रका सबै सूचकमा सुधार आउने तर आर्थिक गतिविधि सुस्त हुँदा पनि वित्तीय प्रणालीमा अधिक तरलताको अवस्था रह्यो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

# बजेट खर्च र कार्यसम्पादनमा खानेपानी मन्त्रालय अब्बल

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ बागमती प्रदेश खानेपानी, उर्जा तथा सिचाई मन्त्रालयको आर्थिक बर्ष २०८१/८२ मा उपलब्ध बजेटमध्ये ९३ दशमलब १२ प्रतिशत खर्च गर्न सफल भएको छ ।



मन्त्रालयको ७ अर्व ४७ करोड बजेटमा ६ अर्व ९५ करोड बजेट खर्च भएको छ । चालुतर्फ ३० करोड र पुँजीगततर्फ ६ अर्व ६५ करोड खर्च भएको मन्त्रालयले दिएको विवरणमा उल्लेख गरिएको छ । खानेपानी, उर्जा तथा सिचाई मन्त्रालयले चालुतर्फ ४१ करोड र ७ अर्व ६ करोड बजेट विनियोजन गरेको थियो । मन्त्रालयको समग्र बजेटखर्च ९३ दशमलब १२ प्रतिशत रहेको मन्त्रालयले जानाएको छ । मन्त्रालयको चालुखर्च ७४ दशमलब ५५ प्रतिशत रहेको छ भने पुँजीगत खर्च ९४ दशमलब २ प्रतिशत खर्च भएको मन्त्रालयले उल्लेख गरेको छ ।

मन्त्री श्यामबहादुर खड्काको नेतृत्वमा मन्त्रालय तथा मन्त्रालय मातहतका कार्यालयको बजेट कार्यान्यनमा उल्लेख्य बढेको देखिन्छ । पछिल्लो समय मन्त्रालयहरुको बजेट कार्यानवयमा समस्या देखिए पनि प्रदेशको खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालयमा भने बजेट कार्यान्वयन पक्ष राम्रो देखिएको हो । मन्त्री खड्काको कार्यकालमा मन्त्रालय तथा मातहतका कार्यालयलाई योजना कार्यान्वयनमा सक्रिय बनाइएको मन्त्रालयले जनाएको छ । समयमै टेण्डर, प्राविधिक स्वीकृति, अनुगमन, र पूर्वाधार निर्माण प्रक्रियामा स्पष्टता ल्याइएकाले कार्यसम्पादन राम्रो भएको जनाइएको छ ।

दिगो विकास लक्ष्य र आवधिक योजना अनुसार सन् २०३० भित्र शतप्रतिशत जनतामा सुरक्षित खानेपानी सेवा पुऱ्याउने लक्ष्य राखिएको छ ।

आगामी आर्थिक वर्षमा मन्त्रालयले ४ हजारभन्दा बढी योजना कार्यान्वयन गर्ने लक्ष्य लिएको खानेपानी, उर्जा तथा सिचाई मन्त्री खड्काले बताए । एक घर, एक धारा कार्यक्रम, सिँचाइ र ऊर्जा समेतलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरिएको छ । खानेपानी ऐन मार्फत् स्वच्छ र सुरक्षित खानेपानी सेवा पुऱ्याउने उद्देश्यसहित मन्त्रालय अघि बढिरहेको छ ।

# पेट्रोल ५ रुपैयाँले सस्तियो

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ नेपाल आयल निगमले पेट्रोल, डिजेल र मट्टितेलको मूल्य घटाएको छ । पेट्रोलमा प्रतिलिटर ५ रुपैयाँ तथा डिजेल र मट्टितेलमा प्रतिलिटर १ रुपैयाँले मूल्य घटाएको हो ।

घटेको नयाँ मूल्य मंगलबार मध्यरातिदेखि लागू हुने निगमले जनाएको छ । निगमका अनुसार, भारतीय आयल कर्पोरेसन (आईओसी) बाट १५ जुलाईमा प्राप्त नयाँ खरिद मूल्यसूची अनुसार मूल्य समायोजन गरिएको हो । आईओसीले पेट्रोलमा प्रतिलिटर ५.०३ रुपैयाँ र डिजेलमा १.३० रुपैयाँ घटाएर नयाँ मूल्य पठाएको थियो । सोही आधारमा निगम सञ्चालक समितिको बैठकले उपभोक्तालाई राहत दिँदै मूल्य घटाउने निर्णय गरेको हो ।

नयाँ मूल्य लागू भएसँगै अब विभिन्न क्षेत्रमा पेट्रोल र डिजेल/मट्टितेलको खुद्रा बिक्रीमूल्य कायम भएको छ । जसमा काठमाडौं, पोखरा र दिपायलमा पेट्रोलको मूल्य प्रतिलिटर १६५ बाट घटेर १६० रुपैयाँ र डिजेल/मट्टितेलको मूल्य प्रतिलिटर १४९ बाट घटेर १४८ रुपैयाँ कायम भएको छ । सुर्खेत र दाङमा पेट्रोलको मूल्य प्रतिलिटर १५९ रुपैयाँ र डिजेल/मट्टितेलको १४७ रुपैयाँ हुनेछ । चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जमा पेट्रोलको मूल्य १५७.५० रुपैयाँ तथा डिजेल/मट्टितेलको १४५.५० रुपैयाँ कायम गरिएको निगमले जनाएको छ ।

# चालु आर्थिक वर्षमा लक्ष्यभन्दा बढी मुद्दा फछ्र्यौट



साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ जिल्ला अदालत मकवानपुरले चालु आर्थिक वर्षमा लक्ष्यभन्दा बढी मुद्दा फछ्र्यौट गरेको छ ।

वार्षिक मुद्दा फछ्र्यौट लक्ष्य २ हजार ७ सय ३९ राखेकोमा अदालतले २ हजार ८ सय ८६ मुद्दा फछ्र्यौट गर्न सफल भएको अदालतकी श्रेस्तेदार रोशी भण्डारीले जानकारी दिएकी छिन् । जिल्ला अदालतमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका १ हजार ५ सय ९७ र चालु आर्थिक वर्षमा नयाँ दर्ता भएका २ हजार ५ सय ५३ गरी कूल ४ हजार १ सय ५० मुद्दा रहेका थिए । तीमध्ये चालू आर्थिक वर्षको असार ३० गतेसम्म अदालतले लगतको आधारमा ६९ दशमलव ११ प्रतिशत मुद्दा फछ्र्यौट गरेको छ । लक्ष्यको आधारमा १ सय ४ दशमलव ७१ प्रतिशत रहेको मंगलबार आयोजित पत्रकार सम्मेलन मार्फत् जानकारी गराइएको छ ।

अदालतले लक्ष्य भन्दा बढी फछ्र्यौट गरेको मुद्दाको संख्या १ सय २९ रहेको छ । श्रेस्तेदार भण्डारीका अनुसार अब १ हजार २ सय ८२ मुद्दा फछ्र्यौट हुन बाँकी छ । तीमध्ये १८ महिनादेखि २ वर्षसम्मका १९ वटा र २ वर्ष नाघेका २ वटा मुद्दा छन् । बाल इजलासमा ९४ मुद्दामध्ये ७० मुद्दा फछ्र्यौट भएका छन् । कसुरजन्य अपराधमा असुल गर्नुपर्ने क्षतिपूर्ति रकम १ करोड ६६ लाख रहेकोमा अदालतले १ करोड ५४ लाख भराएको छ । २७ जना पीडितले क्षतिपूर्ति उपलब्ध गराइदिन निवेदन दिएकामा १८ जनालाई पीडित राहत कोषबाट १ करोड १५ लाख क्षतिपूर्ति प्रदान गरिएको श्रेस्तेदार भण्डारीले बताइन् ।

पीडकबाट ३८ लाख २० हजार क्षतिपूर्ति दिलाइएको छ । ९ जना पीडितले क्षतिपूर्तिवापतको रकम लिएका छैनन् । उनीहरुलाई १२ लाख ९० हजार क्षतिपूर्ति दिन बाँकी छ । जिल्ला अदालत मकवानपुरमा लागूऔषध, सम्बन्ध विच्छेद, चेक अनादरलगायत मुद्दा बढी आउने गरेको जिल्ला न्यायाधीश अवनी मैनाली भट्टराईले बताइन् । मकवानपुर जिल्ला अदालतमा ४ जना न्यायाधीश र श्रेस्तेदार समेत महिला रहेका छन् । कुल ६० जना कर्मचारी रहेको जिल्ला अदालतमा २६ जना महिला रहेका छन् ।

# विश्व स्वास्थ्य संगठन प्रतिनिधिद्वारा बागमती प्रदेशस्तरीय भ्रमण



साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ बागमती प्रदेशको स्वास्थ्य मन्त्रालय र विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का नेपाल प्रतिनिधि टोलीबीच छलफल भएको छ ।

प्रदेश स्वास्थ्य मन्त्री किरण थापामगर, स्वास्थ्य सचिव डा.सुमित्रा गौतम, स्वास्थ्य निर्देशनालयका निर्देशक डा. नरेन्द्रकुमार झा, तथा महाशाखा प्रमुखहरु सागरप्रसाद घिमिरे, डा. खगेश्वर गेलाल, किरण श्रेष्ठलगायतसँग विश्व स्वास्थ्य सगठन नेपालका प्रतिनिधि डा.राजेश सम्भाजी राव पाण्डव नेतृत्वको उच्चस्तरीय टोलीले दुईदिने प्रदेशस्तरीय समन्वय भ्रमण र छलफल गरेको हो । भ्रमण टोलीमा सिनियर हेल्थ पोलिसी एड्भाइजर डा. ग्याम्पो दोर्जे, डा.बिनोद गुप्ता, सुधन ज्ञवालीलगायतको सहभागिता रहेको थियो । कार्यक्रममा मन्त्री थापाले प्रदेश सरकारले हालै सार्वजनिक गरेको सबै नीतिमा स्वास्थ्य कार्यान्वयन निर्देशिका र प्रदेश स्वास्थ्य नीति डब्लुएचओ नेपाल प्रमुख डा.पाण्डवलाई हस्तान्तरण गर्दै संस्थागत सहकार्यलाई थप सुदृढ बनाउन आग्रह गरेका छन् ।

कार्यक्रममा प्रादेशिक रणनीतिक योजना तर्जुमा, सबै नीतिमा स्वास्थ्यको कार्यान्वयन, एक जिल्ला एक स्वस्थ सहर, एक स्थानीय तह एक नमूना स्वास्थ्य संस्था, मानसिक स्वास्थ्य प्रवर्द्धन र आत्महत्या न्यूनीकरण, एक विद्यालय एक नर्स कार्यक्रम, अस्पताल सुधार आयोजना, आमा तथा नवजातशिशु सेवा, एक स्वास्थ्य संस्था एक ग्रामीण अल्ट्रासाउण्ड, मेरो स्वास्थ्य मेरो जिम्मेवारी, एक घण्टा मेरो लागि, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट अध्यापन सुरुवात, नसर्ने रोगको रोकथाम र उपचारको लागि मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम, ज्यान जोखिममा रहेका गर्भवती र सुत्केरी महिलाको हवाइउद्दार, आयुर्वेद औषधि उत्पादन केन्द्रबाट २१ प्रकारका औषधि उत्पादन, अस्पतालमा तथ्यांकको अभिलेखिकरण र प्रतिवेदन प्रणालीलाई डिजिटलाइजेसन, प्रदेशका दुग्रम स्थानमा विशेषज्ञ सहितको एकीकृत जनस्वास्थ्य अभियान, अटिजम, सिकलसेल एनिमिया, हेमोफिलिया जस्ता समस्याको उपचार, विद्यालयमा अध्ययरत विद्यार्थीको श्रवणशक्ति, आँखाको दृष्यशक्ति, ऱ्युम्याटिक हर्ट डिडिज जस्ता समस्याको स्क्रिनिङ र उपचार आदि प्राथमिकता प्राप्त कार्यक्रम भएकोले सहकार्य र सहयोगको बिषयमा छलफल भएको थियो ।

स्वास्थ्य मन्त्रालयको आयोजनामा भएको अन्तरक्रिया कार्यक्रममा सचिव डा.गौतमले बागमती प्रदेशमा डब्लुएचओले पुऱ्याएको प्राविधिक र मानवीय सहयोगप्रति आभार व्यक्त गर्दै, प्रदेशका प्रमुख उपलब्धि, प्राथमिकता प्राप्त कार्यक्रम, तथा आगामी आर्थिक वर्ष २०८२/८३ को रणनीतिक योजना प्रस्तुत गरेकी थिइन् । विश्व स्वास्थ्य संगठन प्रतिनिधि डा. पाण्डवले बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले गरेका उपलब्धीमुलक कार्यको प्रशंसा गर्दै सबै नीतिमा स्वास्थ्यको प्रभावकारी कार्यान्वयन, स्वास्थ्यक्षेत्र रणनीतिक योजना, स्वस्थ्य सहरको अवधारणा आदिमा विश्व स्वास्थ्य संगठनको निरन्तर सहयोग रहने बताए । यसका अतिरिक्त खोप र खोपबाट बच्न सकिने रोगहरु, नसर्ने रोगको रोकथाम र नियन्त्रणमा मिलेर काम गर्ने बताएका छन् ।

हेटौंडा आउनु अगाडि टोलीले काभ्रेपलाञ्चोकको बेथानचोक गाउँपालिकामा ‘हाइपरटेन्सन केयर क्यास्केट इनिसियटिभ’ को स्थलगत अनुगमन गरी मेयर, स्वास्थ्यकर्मी तथा जनप्रतिनिधिसँग छलफल गरेको थियो । साथै, सिन्धुपालाञ्चोकको चौतारा अस्पतालमा ‘मानसिक स्वास्थ्यको लागि स्पेसल इनिसियटिभ’ कार्यक्रम कार्यान्वयनको अवस्था अवलोकन गर्नुका साथै पूर्णखोप सुनिश्चितता घोषणा कार्यक्रममा सहभागिता जनाएको भुषालले जानकारी दिएका छन् ।

# कथासंग्रह ‘कठै’ माथि अमेरिकामा चर्चा

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ श्रीकृष्णप्रणामी हिन्दु समाज, टेक्सासको आयोजनामा अमेरिकाको ड्यालसमा भानुजयन्तीको अवसरमा मकवानपुरे कथाकार श्यामप्रसाद श्रेष्ठको कथा संग्रह ‘कठै’ को सार्वजनिक र कथासंग्रहमाथि चर्चा गरिएको छ ।

कार्यक्रममा आयोजक संस्थाको निवर्तमान अध्यक्ष राजेन्द्र वाग्लेले पुस्तकको बारेमा चर्चा गरेका थिए । यस्तै लघुकथा केन्द्रका अध्यक्ष लता केसीले लघुकथाको विकासमा संस्थाले खेलेको भूमिका र लघुकथा लेखनबारे धारणा राखेको कार्यक्रममा लघुकथा लेखक विवेक शर्मा गौतमले लघुकथावाचन गरेका थिए । गजलकार डा. सुनिल खनालले गजल र कवि सुवास दंगाल र सागर खतिवडाले कवितावाचन गरेको थिए ।

कार्यक्रममा राजेन्द्र वाग्ले, नुरनाथ सुवेदी र कृतिकार श्यामप्रसाद श्रेष्ठलगायतले कथाका बारेमा बोलेका थिए । आयोजक संस्थाका अध्यक्ष दीपक ढकालको अध्यक्षतामा भएको कार्यक्रममा एनसिआइसीका कोषाध्यक्ष दिनेश न्यौपाने, एनसिआइसीका सल्लाहकार भुवन आचार्य, एभरेष्ट क्रेडिट्युनियनको डाइरेक्टर डा. मिलन पौडेल, डिएफडब्लुएसकेपिएच एसटीको बोर्ड अफ ट्रस्टीका अध्यक्ष नुरनाथ सुबेदी, लघुकथा लेखक विवेक शर्मा गौतम, गीतकार तथा कवि भीम खरेल, मीना गौतमलगायतको सहभागिता थियो ।

कथासंग्रह ‘कठै’ मा कथाकार श्रेष्ठले विभिन्न विषयमा केन्द्रित भएर लेखेका १३ वटा कथा : त्यो रात, विलीन जीवन, बिदा, आत्मबल, आत्मानिवास, झरेको कोपिला, वेदनाको अन्त्य, राजनेता, म बाँच्न चाहन्छु, शुभकामना, दह्रो खाम, सपना र मुक्तिको सपना समेटिएका छन् । कथाकार श्रेष्ठको पहिलो साहित्यिक कृति ‘होसियार’ र ‘अभियान’ नाटक हुन् ।

# हटियामा प्रदेशस्तरीय प्रहरी अस्पतालको शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ हेटौंडा उपमहानगरपालिका वडा नं. १७ हटियामा प्रदेशस्तीय प्रहरी अस्पतालको शिलान्यास गरिएको छ ।

बागमती प्रदेश सरकारको सहयोगमा बन्न लागेको अस्पतालको मंगलबार आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानले शिलान्यास गरेका हुन् । बागमती प्रदेश प्रहरी कार्यालयमार्फत कार्यान्वयन हुने यस आयोजना अन्तर्गत अस्पताल परिसरमा बहिरङ्ग विभाग, कर्मचारी आवास, अस्पताल परिसर कम्पाउण्ड, पार्किङ लगायत संरचना निर्माण हुनेछन् ।

प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट विनियोजित बजेटबाट सुविधा सम्पन्न ३० शैयाको अस्पताल बनाउने योजना अनुसार पहिलो चरणमा १५ शैयाको अस्पताल निर्माण थालिएको हो । आगामी २०८३ पुस १८ गतेभित्रमा सम्पन्न गर्नेगरी मूल्यअभिवृद्धि करसहित ८ करोड ३ लाख ७१ हजार रुपैयाँ लागतमा अस्पताल भवन निर्माण गर्ने गरी निर्माण कम्पनीसँग सम्झौता भएको हो ।

अस्पताल भवनको पहिलो चरणको निर्माण पूरा भएपछि अन्तरङ्गसँगै बहिरङ्ग सेवा सञ्चालन गरिने प्रदेश अस्पतालका चिकित्सक प्रहरी नायवउपरीक्षक डा. प्रयास बिडारीले बताएका छन् । शिलान्यास कार्यक्रममा बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रहरी नायव महानिरीक्षक अरुण पौडेल, मकवानपुरका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ, मकवानपुरका प्रहरी प्रमुख विश्वराज खड्का लगायतको उपस्थिति रहेको थियो ।

# पौडेलको संयोजकत्वमा मदन भण्डारी हिरक महोत्सव समिति गठन

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ नेकपा एमालेका दिवंगत नेता मदन भण्डारीको स्मृतिमा हिरक महोत्सव मनाउन बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको संयोजकत्वमा मदन भण्डारी हिरक महोत्सव समिति गठन गरिने भएको छ ।

फाउन्डेसनका अनुसार भण्डारीको ७५ औं जन्मजयन्तीको सन्दर्भमा उनको व्यक्तित्व, कृतित्व र योगदानलाई जनसमक्ष पुऱ्याउने उद्देश्यले ‘जननेता मदन भण्डारी ७५ औं जन्मजयन्ती मूल व्यवस्थापन समिति’ गठन गर्न खोजिएको हो । फाउन्डेसनले मंगलबार यसबारे जानकारी दिन पत्रकार सम्मेलन आयोजना गरेको छ । १४ असार २००९ मा जन्मिएका भण्डारीको ३ जेठ २०५० मा दासढुंगा दुर्घटनामा मृत्यु भएको थियो ।

४१ वर्षमै दुर्घटनामा ज्यान गुमाएका भण्डारी जनताको बहुदलीय जनवाद (जबज) का प्रणेता हुन् । ०४६ भदौमा सम्पन्न नेकपा मालेको चौथो महाधिवेशनबाट महासचिव भएका भण्डारीले झन्डै साढे तीनवर्ष मात्रै खुला राजनीतिमा बिताउन पाएका थिए । उनकै स्मृतिमा गठन गरिएको फाउन्डेसनले हिरक महोत्सव मनाउने तयारी सुरु गरेको हो ।


भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

*‘हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक’*
*‘गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता’*

**श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय**
हेटौंडा-४, फोन: ०५७-५२०७६६

शैक्षिक सत्र २०८२/०८३ को लागि कक्षा ११ मा (+2 Science) मा नयाँ भर्ना खुल्यो । हामीलाई विश्वास गर्नुहोस्, तपाईको सपनाको ढोका हामी खोल्छौं ।

**अध्यापन हुने विषयहरु:**

| १. विज्ञान संकायतर्फ | २. शिक्षाशास्त्र तर्फ: | ३. व्यवस्थापन तर्फ: |
|---|---|---|
| क) भौतिक विज्ञान | क) अंग्रेजी | क) विजनेस स्टडिज |
| ख) रसायन विज्ञान | ख) नेपाली | ख) अर्थशास्त्र |
| ग) जीव विज्ञान | ग) गणित | ग) गणित |
| घ) कम्प्युटर विज्ञान | | घ) कम्प्युटर |

**हाम्रो विशेषताहरु:**

- विज्ञान कक्षा ११ र १२ मा २४ वटा र व्यवस्थापनमा १० वटा छात्रवृत्ति कोटा रहेको ।
- ब्रिटिश काउन्सिलद्वारा अन्तराष्ट्रिय मान्यता प्राप्त ISA २०२०/२०२३ द्वारा सम्मानित मकवानपुरको पहिलो विद्यालय ।
- पूर्ण मल्टिमिडियाको प्रयोगबाट शिक्षण सिकाई हुने ।
- व्यवस्थस्थित तथा उत्कृष्ट विज्ञान तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था ।
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी कक्षा ।
- कमजोर विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध गरिएको ।
- न्युनतम लागतमा अधिकतम सन्तुष्टि एवम् जिल्लामा उत्कृष्ट नतिजा रहेको ।
- विद्यार्थी क्लब मार्फत अतिरिक्त क्रियाकलाप सञ्चालन हुने ।
- काठमाडौंको उत्कृष्ट कलेजहरुमा अध्यापन प्रमणको व्यवस्था रहेको ।
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था ।

| मो. समिम खान | श्री रामसागर गुरागाईं | श्री राजाराम पोखरेल | श्री सतिश आचार्य |
|---|---|---|---|
| अध्यक्ष | प्रधानाध्यापक | +२ संयोजक | लेखा प्रशासन |
| ९८११८८२२८६ | ९८५५०६०९३३ | ९८४५४६३१८८ | ९८४५०३०७८७ |





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना